# नमोबुद्ध नगरपालिकाको बजार व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावनाः**

नमोबुद्ध नगरपालिका अन्तर्गत बजार क्षेत्र भित्र स्वच्छ र सफा राख्न, अव्यवस्थीत व्यवसाय संचालन र स्थापना गर्न रोक लगाउन, भौतिक निर्माण कार्यलाई व्यवस्थित गर्न, व्यवस्थित पार्किङ्ग तथा व्यवस्थित फुटपाथको व्यवस्था गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले, नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाले देहाय बमोजिमको यो नमोबुद्ध नगरपालिकाको बजार व्यवस्थापन कार्यविधि, २०७९ तर्जुमा गरी लागू गरेको छ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "नमोबुद्ध नगरपालिकाको बजार व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

## २. परिभाषाः

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ।

(ङ) "नगरपालिका" भन्नाले नमोबुद्ध नगरपालिका सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "बिषयगत शाखा" भन्नाले नमोबुद्ध नगर कार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ।

(ज) “वडा अध्यक्ष” भन्नाले वडाको अध्यक्षलाई सम्झनुपर्छ।

(झ) “वडा समिति” भन्नाले नमोबुद्ध नगरपालिकाको वडा समिति सम्झनु पर्छ।

(ञ) “सदस्य” भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ। सो शब्दले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउनेछ।

(ट) “वडा सचिव” भन्नाले नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ।

(ठ) “स्लाब” भन्नाले कच्ची वा पक्की बाटोको दाँयाबाँया नालिलाई छोप्नका लागि बनाईएको कच्ची वा पक्की स्लाबलाई सम्झनु पर्दछ।

(ड) “फुटपाथ” भन्नाले नगरपालिकाले तोकिएको वा बिगत देखी पदयात्री हिड्ने बाटोलाई सम्झनुपर्छ।

(ढ) “बरण्डा” भन्नाले पक्की तथा कच्ची भवनको सटर देखी बाहिरको पिलर राखी वा नराखी बनाईएको भागलाई सम्झनुपर्छः।

(ण) “जफत” भन्नाले नगरपालिकाले विभिन्न समयमा जानकारी दिई वा नदिई निषेधित क्षेत्रबाट उठाएकोलाई सम्झनुपर्छः

**३. रेखदेख र सञ्चालनः**

नमोबुद्ध नगरपालिकाको बजार क्षेत्रको रेखदेख, नियमित अनुगमन निरिक्षण र सञ्चालनको नीति निर्माण गर्ने अधिकार नमोबुद्ध नगरकार्यपालिकालाई हुनेछ।

**४. इजाजत नलिई संचालन तथा स्थापना गर्न नहुनेः**

(१) कसैले यस कार्यविधि बमोजिम वा अन्य प्रचलित कानुन बमोजिम व्यवसाय दर्ता इजाजत नलिई यस नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय तथा अन्य क्रियाकलाप सञ्चालन गर्न पाउनेछैन।

(२) कसैले उपदफा (१) विपरित गरेमा कार्यविधि बमोजिम जरिवाना गरिनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि आउनु भन्दा अगावै प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन भईरहेकोहरुको हकमा नयाँ इजाजत लिइरहनुपर्ने छैन।

**५. दस्तुर तिर्नु पर्नेः**

(१) कार्यक्रम तथा व्यवसाय संचालन गर्न नगरसभा, आर्थिक ऐन र अन्य प्रचालिती कानुन बमोजिम तोकिएको दस्तुर तिर्नु पर्नेछ ।

**६. तोक्न सक्नेः**

नमोबुद्ध नगपालिकाले बजार क्षेत्रको सिमा, क्रियाकलापको समय निर्धारण, व्यवसाय गर्ने र यात्री चढाउने ओराल्ने स्थान र व्यवसाय प्रकृती बजार व्यवस्थापन तथा अनुगमन समितिले तोके बमोजिम हुनेछ।

**७. तोकिएको कार्यः**

(१) नगरपालिकाले तोकेको फुटपाथ तथा बरण्डामा कुनै व्यापार व्यवसाय गर्न पाईने छैन।

(२) नगरपालिकाले निर्माण गरेको पक्की तथा कच्ची नालाको माथि कुनै किसिमको संरचना निर्माण तथा व्यापार व्यवसाय गर्न पाईने छैन।

(३) नगरपालिकाले तोकेको सिमा क्षेत्र भित्र ठेला गाडा र ढाब्ली राखी व्यापार व्यवसाय गर्न पाईने छैन।

(४) फलफुल, तरकारी, बिउ, आलु, मासु, माछा लगायतका वस्तुहरु तोकिएको स्थान भन्दा अन्यत्र बिक्रि वितरण गर्न पाईने छैन।

(५) नगरपालिकाले तोकेको स्थानमा मात्र सवारी साधन पार्किङ्ग र यात्री ओराल्ने चढाउने गर्नु पर्नेछ।

(६) नगरपालिकाले तोकिएको समयमा मात्र ठुला सवारी साधनले लोड अनलोड गर्नु पर्नेछ।

(७) पक्की बाटो संरचना बिग्रिने गरि कुनै खालको निर्माण कार्य वा भण्डारण गर्न पाईने छैन।

(८) भौतिक संरचना निर्माण सामाग्री २४ घन्टा भन्दा बढि बरण्डा, बाटो तथा नाला अवरोध पुग्ने गरि राख्न पाईने छैन।

(९) हर्न निषेधित गरिएको क्षेत्रमा हर्न बजाउन पाईने छैन।

(१०) तोकिएको क्षेत्रमा निषेध गरिएको व्यवसायको स्थापना र संचालन गर्न पाईने छैन।

(११) बरण्डा तथा बरण्डा देखी बाहिरको क्षेत्रमा कुनै किसिमको पक्की, कच्ची कुनै किसिमको संरचना निर्माण र भर्याङ्ग राख्न वा त्रिपाल जस्ता वस्तु टांग्न पाईने छैन।

(१२) व्यापार व्यवसाय बरण्डा देखी बाहिरको भागमा गर्न पाईने छैन।

(१३) विद्युत तथा दुरसंचारका पोलहरुमा प्रचार सामाग्री टाँग्न र टाँस्न पाईने छैन।

(१४) नगरपालिकाले ईजाजत नदिएको कुनै व्यापार व्यवसाय, कार्यक्रम, भौतिक संरचना निर्माण तथा संचालन गर्न पाईने छैन।

(१५) प्रचलित कानुनले बन्देज गरेका कुनै पनि कार्यहरु गर्न पाईने छैन।

**८. संचालनमा रोक लगाउन सकिनेः**

(१) नगरपालिकाले कुनै क्रियाकलापमा कुनैपनि प्रकारले अवरोध उत्पन्न भएमा कुनै पनि क्रियाकलाप संचालनमा रोक लगाउन सक्नेछ।

(२) निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम नगरेको पाईएमा रोक लगाउन सकिनेछ।

**९. इजाजत रद्द गर्न सकिनेः**

तोकिएको शर्त र समयावधिभित्र तोकिए अनुसार नगर्ने व्यक्ति वा संस्थाको इजाजत स्वतः रद्द गर्न सकिनेछ।

**१०. बजार व्यवस्थापन तथा अनुगमन समितिः**

(१) बजारलाई व्यवस्थित गर्न देहाय बमोजिमको अनुगमन समिति गठन हुनेछः

क) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

ख) नगरपालिकाका प्रमुखले तोकेको २ जना वडा अध्यक्ष - सदस्य

ग) वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन शाखा प्रमुख/प्रतिनिधि - सदस्य सचिव

(२) बजार व्यवस्थापन समितिको बैठक सामान्यतया महिनाको दुई पटक बस्नेछ। बैठक संयोजकको आदेशले सदस्य-सचिवले बोलाउनेछ। आवश्यकता महसुस भएमा बजार व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ।

**११. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

बजार व्यवस्थापन अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) बजार व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने।

(ख) बजार व्यवस्थापन कार्यका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने।

(ग) सचेतनामूलक विशेष कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने।

(घ) बजार व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको समन्वय जनचेतना अभिवृद्धि गर्न नीति तय गर्ने।

(ङ) प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आबश्यक कारबाहीका लागि निर्देशन गर्ने।

(च) बजार व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत समितिको गठन गर्ने।

(छ) मिठाई पसल, होटल तथा रेस्टुराहरु र सडकमा बेचबिखन हुने मिलावटयुक्त खाना र रंगबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने।

(ज) स्थानीय तहमा संचालित व्यवसायहरु दर्ता भएको नभएको।

(झ) स्थानीय तहमा संचालित व्यापार व्यवसाय तथा निर्माण कार्य तोकिएको शर्त अनुरुप कार्य गरे नगरे अनुगमन गर्ने व्यवस्था मिलाउने।

(ञ) प्रचलित कानुन बमोजिम नभएमा सामाग्रीहरु जफत गर्ने।

(ट) प्रचलित कानुन बमोजिम नभएमा नियमानुसार जरिवाना गर्ने।

(ठ) अनुगमनका लागि आवश्यक भएमा विभिन्न स्थानको निरिक्षण तथा सामाग्री जफत गर्न टोली खटाउन सक्नेछ।

(ड) फोहोरमैला व्यवस्थापन, सरसफाई र वातावरण संरक्षणसँग जोडिएको कार्यहरु।

(ढ) ढल व्यवस्थापनसँग सम्बन्धित कार्यहरु।

(ण) आवश्यक देखेको र प्रचलित कानुनमा उल्लेख अन्य कार्यहरु गर्ने।

**१२. अनुगमन समितिको बैठक र कार्यप्रक्रियाः**

(१) अनुगमन समितिको बैठक महिनामा बढिमा दुई पटक बस्न सक्नेछ।

(२) समितिको सेवा सुविधा कार्यपालिका वा नगर सभाबाट तोकिए बमोजिम हुनेछ।

**१३. होटेल, रेस्टुरेन्ट तथा मिठाई पसल, डेरी र खाद्य किराना सामान विक्री गर्ने संचालक र नगरबासीको कर्तव्य :**

(१) स्थानीय सरकार संचालन ऐन २०७४ दफा ५८ बमोजिम नगरपालिकामा आफ्नो व्यवसाय दर्ता गराई प्रमाणपत्र लिएको व्यक्तिले मात्र नगरपालिका क्षेत्रमा व्यवसाय सञ्चालन गर्न पाउनेछ। होटेल तथा रेष्टुरेन्ट सन्चालकको देहाय बमोजिमको कर्तव्य हुनेछः-

(क) बासी सडेगलेका तथा झिंगा भन्नेका खानेकुरा वा स्वास्थ्यको लागि हानिकारक भनी प्रमाणित रङ, रसायन, म्याद नाघेका औषधि वा खाद्य बस्तुवा अन्य कुनै खाद्य वस्तु प्रयोग गरिएको खानेकुरा, बासी सडेगलेको झिंगा भन्केका बासी माछा मासु, रोग लागि मरेका पशुपंक्षीको माछा मासु बेच्न पाइनेछैन।

(ख) होटेल तथा व्यबसाय र आफ्नो क्षेत्र वरपर सफा सुग्घर र हरियारी राख्ने, राख्न लगाउने।

(ग) होटेल, रेष्टुरेन्ट तथा मिठाई पसल, डेरी, आईसक्रिम, चना चटपट, पानीपुरी, बरफ आदि समेत र सडकमा विक्री गर्दै हिड्नेले ग्राहकलाई मुनासिब माफिकको दाममा शुद्ध तथा स्वच्छ खुवाउने।

(घ) ग्राहकलाई आफूले सक्दो सुरक्षा वा हेर विचार गर्ने, गराउने।

(ङ) मदिरा विक्री गर्न अनुमति लिएका होटेल, रेष्टुरेन्टले अन्य ग्राहकलाई असर नगर्ने गरी भित्री भागमा छुट्टै खुवाउने व्यवस्था गर्ने।

(च) मदिरा बेच्दा वा खुवाउँदा शान्ति सुरक्षाको ख्याल गर्ने।

(छ) होटेल लजमा आएका ग्राहकको नाम, नागरिकता, पेशा, आएको मिति र ठेगाना समेतको विवरण लेखाउने। यदि सवारी साधन प्रयोग गरी आएमा सवारी साधनको विवरण समेत लेखाउने।

(ज) ग्राहकलाई मदिरा खुवाउँदा होस हवास हराउने गरी वा ग्राहकले आफूलाई नियन्त्रण राख्न नसक्ने गरी धेरै मात्रामा मदिरा खुवाउन पाइनेछैन।

(झ) १८ वर्ष मुनिका बालक र मदिराले मातिसकेका व्यक्तिलाई कुनै पनि होटेल वा पसलको मालिकले मदिरा बेच्न वा खुवाउन पाइनेछैन।

(ञ) १८ वर्ष मुनिका बालकलाई सुर्ति, चुरोट, गुट्का पान पुकार बेच्न पाइनेछैन।

(ट) पसल अगाडीको आँगन, फुटपाथ अतिक्रमण गरी धुलो धुवाँ हुने गरि पकाउन पाईनेछैन।

(ड) होटल तथा रेष्टुरेन्टहरुमा फिल्टर गरेको पिउने पानी व्यवस्थापन गरेर राख्नुपर्छ।

(ढ) होटल तथा रेष्टुरेन्टहरुमा पसल र कोठाहरु पर्याप्त मात्रामा हावा र प्रकाश छिर्ने गरी व्यवस्थापन भएको हुनु पर्नेछ।

(ण) होटल तथा रेष्टुरेन्टहरुमा काम गर्ने व्यक्तिहरुको लुगा सफा, हात खुटाको नङ काटेको, पसलको भुइँ र पकाउने ठाउँ सजिलोसँग सफा गर्ने सक्ने हुनुपर्नेछ।

(त) होटल तथा रेष्टुरेन्टहरुमा पकाउने, खाना ल्याउने वेटर, प्याक गर्ने, तौलने व्यक्तिले टोपी र एप्रोन लगाएको हुनुपर्नेछ।

(थ) खाने ठाउँको टेवुल सफा गर्दा एन्टिसेप्टिक औषधिको प्रयोग गर्नुपर्नेछ। खाना पकाउन र पसलमा प्रयोग हुने औजार तथा भाडाँ सफा गरिसकेपछि त्यसलाई पोटास पानीमा पखालेर मात्र पुनः प्रयोगमा ल्याउनु पर्नेछ।

(द) होटेल मालिकले आफनो होटेलमा सार्वजनिक सदाचार वा नैतिकतामा नराम्रो असर पर्ने किसिमका मनोरञ्जन वा त्यस्ता नाच गान देखाउन हुँदैन।

(ध) काम गर्ने व्यक्तिहरुको हरेक ६/६ महिनामा स्वास्थ्य परीक्षण गराउनु पर्नेछ। घातक सरुवा रोग लागेको व्यक्तिलाई काममा लगाउन पाइनेछैन।

(न) बरफ तथा आइसक्रिम उद्योगले प्रयोग गर्ने पानी ताजा फिल्टर गरिएको हुने पर्नेछ।

(प) खानेकुरालाई राम्रोसँग छोपेर वा जाली भएको दराजमा बन्द गरि राख्नुपर्नेछ।

(फ) होटल तथा रेष्टुरेन्टमा शौचालयको समुचित प्रवन्ध हुनुपर्नेछ। तर बिक्री गर्ने, खाने र पकाउने ठाउँदेखि शौचालय उपयुक्त दुरीमा व्यवस्थापन भएको हुनुपर्दछ। होटलहरु सर्वसाधारणको लागि सहज हुने गरी शौचालय व्यवस्थापन गर्नुपर्नेछ।

(ब) पसल अगाडीको आँगन, फुटपाथ तथा नाला सफा राख्नु पर्नेछ र निर्माण सामग्री राख्न पाइनेछैन।

(भ) बिद्यार्थी, नगरबासीलाई बाधा हुने गरी रेकर्ड प्लेयर, लाउड स्पीकर तथा चर्को आवाज उत्पादन गर्ने यान्त्रिक बस्तुहरु संचालन गर्नु हुदैन।

(म) पसलमा बिक्रि गरिने वस्तुहरुको मुल्य सुची र नगरपालिका र सम्बन्धित निकायबाट प्राप्त इजाजतपत्र सबैले देख्ने ठाउँमा अनिवार्यरुपमा राख्नुपर्नेछ।

(य) पसलहरु स्थानीय प्रशासन र नगरपालिकाबाट तोकिएको समय सम्म मात्र खुल्ला राख्न पाइनेछ।

(र) बालीनाली नोक्सान पार्ने, सार्वजनिक यातायात, पैदलयात्रुलाई कठिनाई पुर्याउने वा नगरक्षेत्रको स्वच्छता र सौन्दर्यतामा असर हुने गरी कुखुरा, सुंगुर, बंगुर, हास, घोडा, खच्चर, गधा, गाई, भैंसी, भोडा, बाख्रा, कुकुर वा अन्य जीवजन्तु छाडा छाड्न पाइनेछैन।

(ल) १८ बर्ष भन्दा मुनिका बालबालिकाहरुलाई श्रममा प्रयोग गर्न पाइने छैन।

(व) फ्रेसहाउस सञ्चालन गर्दा तोकिएको मापदण्ड पुरा गरी संचालन गर्नुपर्नेछ। छिमेकमा दुर्गन्ध आउने गरी फुटपाथमा वा अन्य स्थानमा जिंउदो वा मरेको मासुजन्य वस्तु राख्न पाइने छैन।

(श) प्रचलित कानुन बमोजिमका अन्य कार्यहरु।

**१४. सडक तथा फुटपाथ अबरोध गर्न नपाईनेः**

तोकिएको मुख्य बजार क्षेत्रमा रहेको सडक तथा फुटपाथमा कुनै पनि प्रकारले अवरोध हुने गरि विक्री गर्ने सामान झुण्डयाउने, पाली गाँस्ने, स्टयान्डबोर्ड, साईकल मोटर साईकल पार्किङ्ग, साइकल मोटरसाईकल मर्मत गर्ने काम, ठेला, डोका, नांग्लो वा भुँइमा तरकारी, फलफूल वा अन्य व्यापारिक सामान राखेर बेचविखन गर्न पाइने छैन। बजार क्षेत्रको सडकहरु आगमनमा असर पर्ने गरेर निर्माण सामग्रीहरु राख्न पाईने छैन।

**१५. कवाडी, फलफूल, तरकारी तथा माछामासु बजारः**

(१) नगरपालिकाबाट तोकिएको स्थानमा मात्र तरकारी तथा फलफूल र माछामासु व्यापार गर्न पाइनेछ।

(२) नगरपालिकाबाट तोकिएको स्थानमा मात्र कवाडी राख्न पाइनेछ।

(३) अन्यत्र फूटपाथ, चोक र पैदल तथा सवारी साधन आवत जावतमा अवरोध हुने गरी ठेला, डोका, नांग्लो वा भुँइमा तरकारी, फलफूल वा अन्य व्यापारिक सामान राखेर बेचविखन गर्न पाइने छैन।

(४) टायर तथा अरु कवाडी सामानमा मुसा सर्प लुक्न सक्ने भएकोले छर छिमेकलाई असर पर्ने गरि टायर तथा अरु कवाड थुपार्न र जलाउन पाईने छैन।

(५) व्यवस्थित बधशालामा मात्र पशु बध गर्ने कार्य गर्नुपर्नेछ।

**१६. सवारी साधन पार्कीङ्गः**

(१) लामो तथा छोटो दूरीमा सेवा दिने सार्वजनिक यातायातका साधनहरु अनिवार्य रुपमा बसपार्कबाट सञ्चालन हुनु पर्नेछ ।

(२) नगरपालिकाले निर्धारण गरेको मापदण्ड विपरित कुनै पनि सवारी साधन पार्किङ्ग गर्न पाइनेछैन।

(३) नगरपालिकाले निर्धारण गरेको स्थान बाहेक अन्यत्र ठेलागाडाबाट व्यापार गर्न पाइनेछैन।

**१७. ग्यारेज तथा अटोमोबाईल मर्मत केन्द्रः**

(१) नगरपालिकाले निर्धारण तथा निर्माण गरेको अटोमोबाईल मर्मत केन्द्र वा अटो भिलेजमा गाडी तथा यन्त्र मर्मत केन्द्र संचालन गर्न पाईनेछ।

(२) पेट्रोलपम्पमा तोकिएको मापदण्ड अनुसार टायर मर्मत केन्द्र संचालन गर्न पाइनेछ।

(३) पेट्रोलपम्प संचालन गर्ने अनुमतिमा तोकिएको मापदण्ड अनुसार सार्वजनिक शौचालय संचालन भएको हुनु पर्नेछ।

(४) ग्यारेज तथा अटोमोबाईल मर्मत केन्द्रले आफ्नो परिसर वरपर सरसफाई गरी फुटपाथ क्षेत्रमा अवरोध हुने गरी कुनै पनि कृयाकलाप गर्न पाईनेछैन।

**१८. प्लाष्टिक तथा थर्मकोलबाट बनेका गिलास वा अन्य चिजवस्तुको प्रयोगः**

(१) नगरपालिकाले निर्धारण गरेको मापदण्ड विपरित नसड्ने खालका प्लाष्टिक वा थर्मकोलबाट बनेका गिलास, कप, चम्चा, प्लेट विक्री वितरण वा प्रयोग गर्न पाइनेछैन।

**१९. अन्य व्यवसायहरुको सम्बन्धमाः**

(१) प्रचलित कानुन बमोजिम उल्लेख भएका व्यवस्थाहरु।

**२०. नगरपालिका मातहतका निकायमा संलग्न कर्मचारी र पदाधिकारीहरुले सहयोग गर्नु पर्नेः**

(१) यो कार्यविधि को भावना अनुसार नगरपालिका अन्तर्गतका सवै निकायमा कार्यरत कर्मचारी र संलग्न व्यक्तिले सहयोग गर्नुपर्ने कर्तव्य र दायित्व रहनेछ सो विपरित असहयोग गरेको पाइएमा निम्न बमोजिम कारबाही हुनेछ।

(क) स्थायी कर्मचारी वा शिक्षकको हकमा तत् तत् सेवा सम्बन्धी कानुन अनुसार कारबाही हुनेछ।

(ख) अस्थायी कर्मचारी वा शिक्षकको हकमा प्रचलित कानुन अनुसार निजको सेवाको म्याद नविकरण हुने छैन।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति वा उपभोक्ता समिति वा टोल विकास संस्था वा अन्य कुनै सार्वजनिक संस्थाका पदाधिकारीको हकमा उक्त जिम्मेवारीबाट अबकाश दिन आवश्यक प्रक्रिया अवलम्वन गरिनेछ।

(घ) उपदफा (क), (ख) र (ग) अनुसार कारबाहीको भागिदार भै सके पछि पनि असहयोग गरेको खण्डमा दफा २१ बमोजिम कालो सुचिमा सुचिकृत गरिनेछ।

(ङ) उपदफा (क), (ख) र (ग) अनुसार कारबाही गर्नु पूर्व सम्वन्धित व्यक्तिलाई सफाईको मौका दिइनेछ।

## २१. कालो सूचिमा नाम सुचिकृत गरिनेः

नेपालमा प्रचलित ऐन, कानुन, नगरपालिकाबाट जारी भएका अन्य ऐन, कानुन, निर्देशिका र यो कार्यविधि अनुसार कालो सूचिमा निम्नानुसार व्यक्ति वा संस्थाहरु सूचिकृत गरिनेछन्। उजुरी निवेदन, टोल विकास संस्थाको सुचना, नगर प्रहरी व्यवस्थापन शाखा वा नगरपालिकाको अनुगमन टोली वा प्राविधिकहरुको स्थलगत प्राविधिक प्रतिवेदन उपर चालिएको कारवाहीका आधारमा यो सूचि तयार गरिनेछ। सूचिको जानकारी सवै शाखा तथा वडा कार्यालयहरुमा समेत गराईनेछ।

(क) नगरपालिका सम्बन्धी कानून र प्रचलित बमोजिम जारी भएको आदेश नमान्ने,

(ख) जथाभावी फोहोरमैला फ्याँकेका कारण नगरपालिकावाट भएको सजायँ भुक्तानी गर्न वाँकी राख्ने,

(ग) कुनै पनि सरसामान सार्वजनिक आवागमनमा अवरोध हुने गरी थुपारेका विषयमा नगरपालिकाका तर्फवाट जारी भएको आदेश नमान्ने,

(घ) प्रक्रिया पुरा नगरी ऐन विपरित निर्माण कार्य गर्ने,

(ङ) नगरपालिकाले तोकेको सरसफाई सम्बन्धी शुल्क पटक पटक नतिरेमा,

(च) सार्वजनिक भवन, जग्गा वा अन्य सम्पत्ती अतिक्रमण गर्ने,

(छ) राजश्व तथा कर, सेवा शुल्क सम्वन्धी नगरपालिकाको नीति, आदेश उल्लंघन गर्ने,

(ज) आधारभूत बिबरण झुट्टा पेश गरी राजश्व तथा कर, सेवा शुल्क छल्ने,

(झ) कानुन वमोजिम तोकिएको जरिवाना चुक्ता नगर्ने,

(ञ) यस कार्यविधि अनुरुप व्यवसायीले गर्न नहुने भनि तोकेको गतिविधि गरेको पाईएमा,

**२२. कालो सूचिमा सूचिकृत गर्ने वा सूचिवाट हटाउने कार्यविधिः**

कालो सूचिमा सूचिकृत गर्नु पर्ने कारण स्पष्ट भए पश्चात बजार व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट नगरप्रमुख समक्ष पेश गरी कालो सूचिमा सुचिकृत गर्ने वा सूचिवाट हटाउने निर्णय हुनेछ। तर कालो सूचिमा सुचिकृत गर्नु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने वा आफ्नो कर्तव्य पालन गर्ने अवसर प्रदान गर्नु पर्नेछ।

**२३. कालो सूचि कार्यान्वयन कार्यदल गठनः**

कालो सूचिमा सूचिकृत गर्न तथा सूचिकृत नाम हटाउन आवश्यक सिफारिस गर्ने कार्य यसै कार्यविधिमा उल्लेख भएको दफा १० बमोजिम बजार व्यवस्थापन तथा अनुगमन समितिबाट गरिनेछ।

**२४. सेवा, सुविधा रोक्का हुनेः**

कालो सूचिमा सूचिकृत तथा तिनका एकाघर तीन पुस्ते भित्रका परिवार सदस्यहरुका लागि नगरपालिका तर्फवाट प्रदान गरिने सवै सेवा, सुविधा एवं सिफारिस रोक्का गरिनेछ। यो कार्यविधि लागु भए पश्चात् सेवाग्राहीले आफ्नो आवेदन, उजुरी निवेदन प्रस्तुत गर्ने उजुरीकर्ताले आफ्नो परिचय खुल्ने नेपाली नागरिकताको प्रमाण पत्र संग संगै कर चुक्ताको प्रमाण पत्र (एकिकृत सम्पत्ती कर, बहाल कर, व्यवसाय दर्ता/नविकरण) अनिवार्य रुपमा पेश गर्नु पर्ने र सेवा प्रदान गर्ने सबै शाखा, महाशाखा र वडा कार्यालयले कालो सूचि रुजु गरेर मात्र आवश्यक सेवा प्रदान गर्नेछ।

तर नेपाली नागरिकता तथा कानूनले तोकेको ढाँचामा आफ्नो नजिकको मृतक नातेदारसँग नाता प्रमाणित प्रमाण पत्र लिन, पंजिकरण सम्बन्धी सेवा तथा विपद्संग सम्बन्धित सिफारिस लगायतका सेवा प्रदान गर्ने विषयका हकमा भने यो प्रावधान लागु हुने छैन।

**२५. दरपीठ गर्नु पर्नेः**

विभिन्न निवेदन तथा दरखास्तका विषयमा तत्काल कार्यान्वयनको क्रममा कालो सूचिका कारण तत्काल कार्यान्वयन नहुने भए कारण समेत खुलाई (दरपीठ गरी) सेवाग्राहीलाई तत्काल जानकारी गराउनु पर्नेछ।

**२६. सजायः**

(१) दफा १३ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए एक हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँ देखि दश हजार रुपैयाँ सम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाउँदाँ लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ।

(२) दफा १३ को खण्ड (ख) देखि (श) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए नगरपालिकाले पाँच सय रुपैयाँ देखि एक हजार रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ। दोस्रो पटक सोही कसूर गरेमा दुई हजार रुपैयाँ देखि दश हजार रुपैयाँ सम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना असूल उपर गर्न सक्नेछ।

(३) दफा १३, १४, १५, १६, १७, १८ र १९ बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए नगरपालिकाले पाँच सय रुपैयाँ देखि एक हजार रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ। दोस्रो पटक सोही कसूर गरेमा दुई हजार रुपैयाँ देखि ५ हजार रुपैयाँ सम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि १० हजार रुपैयाँका दरले जरिबाना असूल उपर गर्न सक्नेछ।

(४) दफा १३, १४, १५, १६, १७, १८ र १९ को बमोजिमको कुनैकसूरबाट कुनै क्षति भइसकेकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ र प्रचलित कानून बमोजिम अनुमति  रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

**२७. दण्ड जरिवाना तथा सामाग्री फिर्ता प्रक्रियाः**

(क) कार्यालयमा कुनै पनि प्रक्रियाबाट ल्याएको सामाग्रीहरुको जरिवाना दफा २६ मा उल्लेख भए अनुसार हनेछ। दफा २६ मा उल्लेख नभएका व्यहोरा प्रचलित कानुन र बजार व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(ख) जरिवाना तिर्ने भएमा अनुसुची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(ग) निवेदनका साथमा तोकिएको जरिवाना तिरेको सक्कल बैंक भौचर समेत पेश गर्नु पर्नेछ।

(घ) उपदफा (क) बमोजिम जरिवाना गर्नुपूर्व त्यस्तो व्यक्तिलाई आफ्नो भनाइ राख्ने मौका दिनुपर्नेछ।

**२८. पुरस्कार दिन सकिनेः**

(१) नगरलाई स्वच्छ राख्न नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा नविनतम कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी कार्य गर्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्ति, टोल विकास संस्थालाई वडा तथा नगरपालिकाले सम्मान एवं उपयुक्त पुरस्कार समेत दिन सक्नेछ।

**२९. सेवा सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिनेः**

(१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त खानेपानी, विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको ऋण कारोवार रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ। तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

**३०. फिल्डमा खटिने कर्मचारीलाई सुविधाः**

(१) अनुगमन तथा निरिक्षण मा खटिने कर्मचारीलाई नगर कार्यपालिकाले जफत गरेको सामाग्रीबाट उठेको रकमको १५ प्रतिशत रकम सुविधा स्वरुप उपलव्ध गराईनेछ।

(२) फिल्डमा खटिएका कर्मचारी माथि कसैले दुरव्यवहार तथा हातपात भएमा नगरपालिकाले आवश्यकता अनुसार उचित कानुनी प्रक्रिया पुर्याई गर्नेलाई सजाय गर्नु पर्नेछ।

**३१. पुनरावेदनः**

कार्यपालिकाले र कार्यविधि बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र नगरपालिका वा न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ।

**३२. अनूसुचीमा हेरफेर तथा थपघट गर्न सक्नेः**

कार्यविधिको अनूसुचीमा हेरफेर तथा थपघट गर्नु पर्ने भएमा बजार व्यवस्थापन तथा अनुगमन समितिको सिफारिशमा नगर कार्यपालिकाले गर्नेछ।

**३३. कार्यविधिमा संशोधनः**

नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन तथा र थपघट गर्न सक्नेछ। त्यस्तो संशोधन वा थपघट नगर कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ।

**३४. कार्यविधि व्याख्याः**

यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

## अनुसूची-१

## कालो-सूची

| क्र.म. | सुचिकृत व्यक्ति/संस्थाको विवरण | | | सुचिकृत गर्नु पर्नाको कारण, सुचिकृत गर्नेको दस्तखत एवं नाम/थर | कैफियत |
|---|---|---|---|---|---|
| | नाम (तीन पुस्ते सहित) | ठेगाना | आदेश मिति | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-२

## सामाग्री फिर्ता गर्ने निवेदनको ढांचा

श्रीमान कार्यालय प्रमुखज्यू,

नमोबुद्ध नगरपालिका

विषयः सामाग्री फिर्ता पाऊँ।

यस नगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन समिति/ टोलीद्वारा मिति २०७.../...../...... दिन बजार अनुगमनका क्रममा मैले संचालन गरेको ........................ .................. ....................... बाट तपसिल अनुसारको सामाग्री कार्यालयमा ल्याएको हुँदा सो सामाग्री फिर्ता गरि दिनु हुन .................... बैंकको भौचर नं. बाट दाखिला भएको रकम रु. ............... सक्कलै बैंक भौचर यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

निवेदक नामः

नागरिकता नं.ः

ठेगानाः

पति/पत्नीको नामः

बाबुको नामः

बाजे नामः

सामाग्रीको विवरणः

निवेदकः